# बर्दगोरिया गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः १२** **मितिः २०८३/०२/२६**

भाग-२

**माध्यामिक तह कक्षा-१२ सम्म निःशुल्क अध्ययन सम्बन्धी कार्यविधि, २०८३**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/१/०८
प्रमाणीकरण मितिः २०८३/०२/१३
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८३/०२/२६

# <u>माद्यामिक तह कक्षा १२ सम्म निःशुल्क अध्ययन सम्बन्धी कार्यविधि, २०८३</u>

**<u>प्रस्तावना:</u>** शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकको आधारभूत मानव अधिकार एंव संबिधान प्रदत्त मौलिक हकलाई व्यक्तिको व्यवहारमा लागु गरी निःशुल्क शिक्षाको अवधारणा मार्फत समग्र शिक्षाक्षेत्रमा आमुल परिवर्तन गर्न, उच्च शिक्षामा सबैको सहज पहुँच विस्तार तथा स्थानीय स्तरमै निःशुल्क माध्यमिक तहसम्मको शिक्षा मार्फत यस क्षेत्रको शैक्षिक उपलब्धीलाई थप गुणस्तरीय बनाई सवैको पहुँच योग्य शिक्षा बनाउन आवश्यक भई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) (१६) लाई कार्यान्वयन गर्न बान्छनीय भएकोले,

बर्दगोरिया गाउँपालिकाको आधारभूत तथा माद्यामिक शिक्षा ऐन, २०७९ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरिएकोछ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र परिचय:</u> (१) यस कार्यबिधिको नाम **"बर्दगोरिया गाउँपालिकाको माद्यामिक तह कक्षा १२ सम्म निःशुल्क अध्ययन सम्बन्धी कार्यविधि, २०८३"**

(२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u>

**क)** **"ऐन"** भन्नाले बर्दगोरिया गाउँपालिकाको आधारभूत तथा माद्यामिक शिक्षा ऐन, २०७९ सम्झनु पर्दछ ।

ख) **"गाउँपालिका"** भन्नाले बर्दगोरिया गाउँपालिका सम्झनुपर्दछ । सो शब्दले आवश्यक परेको अवस्थित गाउँपालिकालाई सम्झनुपर्दछ ।

ग) **"गाउँ सभा"** भन्नाले बर्दगोरिया गाउँकार्यपालिकाको गाउँ सभालाई सम्झनुपर्दछ ।

घ) **"अध्यक्ष"** भन्नाले बर्दगोरिया गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्दछ ।

ङ) **"वडा कार्यालय"** भन्नाले बर्दगोरिया गाउँपालिका अन्तर्गतका वडा कार्यालय सम्झनुपर्दछ ।

च) **"गाउँकार्यपालिका"** भन्नाले बर्दगोरिया गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

छ) **"प्रमुख प्रशासकीय** अधिकृत" भन्नाले बर्दगोरिया गाउँकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

ज) **"शाखा"** भन्नाले बर्दगोरिया गाउँपालिकामा रहेको शिक्षा शाखालाई सम्झनुपर्दछ ।

झ) **"संयोजक"** भन्नाले गाउँ शिक्षा समिति संयोजक सम्झनु पर्दछ ।

ञ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा ९-१२ लाई सम्झनु पर्दछ ।

ट) **"निःशुल्क शिक्षा"** भन्नाले कक्षा १२ सम्मका विद्यार्थी वा अभिभावकबाट विद्यालयले कुनै पनि शिर्षकमा कुनै पनि शुल्क असुल नगरि दिईने शिक्षालाई सम्झनु पर्दछ ।

ठ) **"गाउँ शिक्षा समिति"** भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यविधिको उदेश्य

३. **कार्यविधिको उदेश्यः** (१) सामुदायिक विद्यालयबाट निर्धारित नियमित तथा प्रचलित सार्वजनिक शिक्षालाई कक्षा १२ सम्म निःशुल्क गर्ने ।

(२) कक्षा १२ सम्म निःशुल्क गर्ने गाउँपालिकाको नीति र घोषणाको उदेश्य पुरा गर्ने

(३) शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सामुदायिक विद्यालयको शिक्षाको गुणस्तरमा बृद्धि गरी समग्र शिक्षाक्षेत्रमा सुधार गर्ने ।

(४) माध्यमिक तहसम्म निः शुल्क शिक्षाको राष्ट्रिय अवधारणा र मौलिक हकको कार्यान्वयनमा सघाय पुर्याउने ।

## परिच्छेद-३

## शिक्षामा पहुँच र सम्बन्धित पक्षको दायित्व

४. **शिक्षामा पहुँचः** (१) यस क्षेत्रमा सम्पुर्ण विद्यार्थीको निःशुल्क उच्च शिक्षामा पहुँच हुनेछ, कसैलाई पनी शिक्षाको पहुँचमा भेदभाव गरिनेछैन ।

(२) कुनैपनी विद्यार्थीलाई भर्नाबाट बन्चित गरिने छैन र तोकीए भन्दा अन्य कुनैपनी खालको शुल्क तथा अन्य रकम विद्यालयले लिन पाउने छैनन ।

(३) विद्यार्थीको पठन पाठनलाई सहज बनाउनका लागि सकेसम्म पाएकपर्ने नजिकको विद्यालयमा भर्ना हुने वातावरण मिलाउनु पर्नेछ । अन्यथा विद्यार्थी तथा अभिभावको ईच्छा अनुसार आफुले चाहेको विद्यालयमा भर्ना गर्न सक्नेछन ।

(४) हाल विद्यालयले संचालन गरिरहेका संकाय तथा विषयहरुमध्ये विद्यार्थीले चाहेको विषयमा भर्ना हुन पाउनेछन त्यसका लागि भर्ना हुन पाउने आवश्यक अंक तथा प्रतिशत अनिवार्य हुनेछ । कक्षा संचालन गर्ने संकाय र विषयमा न्यूनतम विद्यार्थीको संख्या पुगेमा मात्र विद्यार्थी भर्ना गर्नुपर्नेछ ।

(५) कुनै प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुको हकमा प्राविधिक विषयको अनुमति दिने निकायको नियमानुसार हुनेछ । सो सम्बन्धमा छात्रबृति लगायतका विषयमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

५. **<u>गाउँपालिकाको दायित्वः</u>** (१) गाउँपालिकाले माध्यमिक तह कक्षा १२ सम्म निःशुल्क संचालनका लागि सम्बन्धित विद्यालयलाई आवश्यक बजेट अनुदान स्वरुप उपलब्ध गराउनु पर्नेछ । सोही रकमबाट व्यवस्थापन हुनेगरी विद्यालयले कक्षा संचालन गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम विकास केन्द्रबाट प्राप्त हुने निःशुल्क पाठ्यपुस्तक बाहेकका पाठ्यपुस्तक खरिदका लागि विद्यालयले व्यवस्थापन गर्नुपर्नेछ । सोको लागि आवश्यक बजेट गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम प्राप्त गरिसकेपछी विद्यालयले पाठ्यपुस्तक खरिद गरी भर्ना भएका विद्यार्थीलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) अति कमजोर आर्थिक अवस्था भएका विपन्न, साहार विहिन बावु आमा गुमाएका बालबालिकालाई गाउँपालिकाले छात्रबृत्ति तथा विद्यार्थीलाई आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था गर्नसक्नेछ ।

(५) विद्यार्थीको अनुपात हेरी गाउँपालिकाले विद्यालयलाई आफ्नो वार्षिक बजेट तथा कार्यक्रम मार्फत रकमको विनियोजन गर्नुपर्नेछ ।

(६) विद्यालयमा भर्ना भएका विद्यार्थीको अनुपातमा तथा विद्यालयको EMIS रेकर्डका आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(७) विद्यालय शिक्षालाई निःशुल्क गर्न आवश्यक पर्ने अपुग जनशक्ति नियुक्तिका लागि गाउँपालिकाले अनुदान उपलब्ध गराउने छ । त्यसरी उपलब्ध गराउँदा विद्यालयमा रहेको जनशक्ति, गाउँ कार्यपालिकाको निर्णय, विद्यार्थी संख्यासमेतका आधारमा अनुदान उपलब्ध गराउनु पर्नेछ ।

६. **<u>अन्य क्षेत्रले सहयोग गर्न सक्नेः</u>** (१) नेपाल सरकार प्रदेश सरकार तथा गाउँपालिकाका अतिरिक्त अन्य सहयोगि संघ, संस्था, व्यक्ति र निकायले माध्यमिक तह निःशुल्क शिक्षाको नीतिलाई प्रभावकारी बनाउन आर्थिक सहायता, सहयोग, अनुदान वा अन्य शैक्षिक सामाग्रीहरु उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहायता उपलब्ध गराउनु पुर्व गाउँपालिकाको पुर्व स्वीकृती लिनुपर्नेछ अन्य बिदेशि सहयोगको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

७. **<u>विद्यालयको दायित्वः</u>** (१) विद्यालयले कक्षा १२ सम्मका विद्यार्थीलाई निःशुल्क भर्ना गर्नुपर्नेछ । कुनैपनी कारण देखाई भर्ना नगर्ने वा निस्काशित गर्ने कार्य गर्न पाईने छैन ।

(२) विद्यालयले सकेसम्म विद्यार्थीको सर्वोत्तम हित हुनेगरी अध्ययन अध्यापन गराउनु पर्नेछ । उच्च शिक्षालाई थप गुणस्तरिय र आधुनिक बनाउन विद्यालयले रचनात्मक शैक्षिक कार्य तथा गतिबिधिहरु संचालन गर्नुपर्नेछ ।

(३) निःशुल्क शिक्षा सम्बन्धी ऐन, नियमावली तथा प्रचलित कानून समेतको अधिनमा रही विद्यालयले निःशुल्क शिक्षा सम्बन्धी कार्य गर्नुपर्नेछ ।

(४) विद्यालयसँग भएको आन्तरिक स्रोत तथा अन्य आम्दानीलाईसमेत कक्षा १२ सम्मको निःशुल्क शिक्षामा खर्च गर्न सकिनेछ ।

(५) विद्यालयले कक्षा १२ निःशुल्क संचालनका लागि सकेसम्म कम खर्चहुने गरी मितव्ययिता अपनाउनु पर्नेछ । विद्यालयकै विद्यमान साधन स्रोतलाई अधिकतम प्रयोग गरी कक्षा संचालन र सहजीकरणको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) विद्यालयमा निःशुल्क अध्ययन गर्ने विद्यार्थीहरुको विवरण मासिक रुपमा गाउँपालिकाको शिक्षा शाखामा अनुसूची-१ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।

(७) निःशुल्क शिक्षाको अवधारणालाई मुर्तरुप दिन विद्यालयले खर्चको यथार्थ विवरण प्रत्येक महिना वि.व्य.स.को निर्णय गराई निर्णय सहित पेश गर्नुपर्नेछ ।

८. **विद्यार्थीको दायित्वः** (१) विद्यार्थीहरुको देहाय बमोजिमको दायित्व हुनेछ ।

(क) विद्यार्थीहरुले प्रचलित नियमानुसार रजिष्ट्रेशन शुल्क, आवेदन फारम लगायत तोकीएका शुल्कहरु राज्यलाई बुझाउनु पर्ने कर सम्बन्धी शुल्क विद्यार्थी स्वयमले बुझाउनु पर्नेछ ।

(ख) विद्यार्थीहरुले कक्षा १२ सम्मको निःशुल्क अध्ययन गर्ने विद्यार्थीहरुले भर्ना भएको सम्बन्धित विद्यालयको स्कुल सवारी साधन प्रयोग गरे वापत नियमानुसारको शुल्क बुझाउनु पर्नेछ ।

(ग) विद्यार्थीहरुले अनुसूची-२ बमोजिमको निवेदन सम्बन्धित विद्यालयमा दिनुपर्नेछ ।

(घ) सम्बन्धित विद्यालयमा उपलब्ध संकाय तथा विषयमा मात्र भर्नाका लागि निवेदन दिनु पर्नेछ ।

## परिच्छेद-३

## अनुगमन समिति

९. **अनुगमन समिति सम्बन्धी व्यवस्थाः** (१) माध्यमिक तह कक्षा १२ सम्म निःशुल्क अध्ययनका सम्बन्धमा देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

बेलौरी गाउँपालिका

(ग) संयोजकले तोकेको १ जना महिला का.पा. सदस्य - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

१०. **समितिको काम कर्तव्य र अधिकारः** (१) अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कक्षा १२ सम्म निःशुल्क शिक्षा अध्ययन/अध्यापनको कार्यन्वयनको नियमित अनुगमन गर्ने गराउने,

(ख) निःशुल्क शिक्षा कार्यक्रमको प्रभावकारिता अध्ययन गर्ने र आवश्यक निर्देशन दिने,

(ग) विद्यार्थीको पठनपाठनलाई थप गुणस्तरीय बनाउन आवश्यक अन्य कार्य गर्ने गराउने,

(घ) कक्षा १२ सम्म निःशुल्क शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवालासंग आवश्यक कार्यक्रम, अन्र्तक्रिया, छलफलका कार्यक्रमहरु संचालन गर्ने गराउने,

(ङ) माध्यमिक तह कक्षा १२ सम्म निःशुल्क शिक्षालाई प्रभावकारी बनाउन विज्ञ तथा सम्बन्धित क्षेत्रका व्यक्तिहरु शिक्षक, अभिभावक, विद्यार्थीलाई आमन्त्रण गरी छलफल गर्ने गराउने ।

(च) निःशुल्क शिक्षाका लागि आवश्यक पर्ने बजेट तथा स्रोतको व्यवस्थापन गर्न स्रोत पहिचान गर्ने विभिन्न निकायसंग सहयोगको आव्हान गर्ने र बजेट माग गर्ने ।

(छ) गाउँ शिक्षा समितिमा सुझाव राख्ने, र शिक्षा समितिसंग आवश्यक छलफल गर्ने ।

## परिच्छेद-३

## विविध

११. **गाउँपालिकाको शिक्षा शाखाले अनुगमन गर्नुपर्नेः** शिक्षा शाखाले माध्यमिक तह कक्षा १२ सम्म निःशुल्क शिक्षाको अवस्थाको नियमित, मासिक, अर्ध वार्षिक तथा वार्षिक रुपमा अनुगमन गर्नु पर्नेछ ।

१२. **ब्याख्या र संशोधनः** यस कार्यविधिमा कुनै संशोधन तथा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ । कार्यविधिका कुनै दफा उपदफाहरु संघीय तथा प्रदेशको कुनै कानूनसंग बाझिएको हदसम्म बदर हुनेछ ।

अनुसूची-१

(दफा ७ को उपदफा ८ संग सम्बन्धित)

**विद्यार्थीको मासिक हाजीरी र विवरण**

विद्यालयको नामः

विद्यालय रहेको ठेगानाः

विद्यालयको कोटः

कक्षाः

| क्र.स. | विद्यार्थीको नामथर | हाजीर भएको दिन | अध्ययन गरिरहेको विषय | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

बर्दगोरिया गाँउपालिका

**अनुसूची-१**

**(दफा ८ को उपदफा (१) (घ) संग सम्बन्धित)**

**विद्यार्थीले दिने निवेदनको ढाँचा**

श्री प्रधानाध्यापक ज्यू
श्री.......................विद्यालय
बर्दगोरिया गाउँपालिका, कैलाली ।

विषयः **कक्षा....... मा भर्नाका लागि दरखास्त पेश गरेको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस बर्दगोरिया गाउँपालिका वडा नं..... को श्री .............................. बिध्यालयमा म कक्षा............मा.................. संकाय/विषयमा अध्ययन गर्न ईच्छुक भएकोले देहायको विवरण र कागजात सहित भर्ना गरिपाउँ भनी यो निवेदन पशे गरेको छु ।

**देहायः**

नामथरः

ठेगानाः

सम्पर्क नं.

बावु/आमाको नामः

अध्ययन गर्न चाहेको विषयः

**आज्ञाले**
**नन्दा कुमारी भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**

बर्दगोरिया गाउँपालिका